# हाम्रो मुक्तिको निश्चयता

## वर्तमानका अविश्वासीहरूलाई सुसमाचारको गवाही दिनु

*किम जिन उक*

यस नेपाली संस्करणमा पाइने बाइबलका सम्पूर्ण उद्धरणहरू नेपाल बाइबल सोसाइटीले प्रकाशन गरेको पवित्र नेपाली बाइबलबाट लिइएका छन्। साथै, नेपाली शब्दको एकरूपताको लागि प्रज्ञा-प्रतिष्ठानको नेपाली बृहत शब्दकोश, २०७५ को प्रयोग गरिएको छ।

लाइब्रेरी अफ कङ्ग्रेस क्याटालगिङ्ग-पब्लिकेसन डाटा
किम जिन ऊक
हाम्रो मुक्तिको निश्चयता/ किम जिन ऊक
पि. सिएम.
सन्दर्भ-सामाग्रीहरूका सङ्केतहरू समाविष्ट गरिएको छ।

© २०१९

सर्वाधिकार लेखकमा सुरक्षित छ।

१. ईश्वरशास्त्र-मुक्तिको सिद्धान्त २. अन्तर सांस्कृतिक अध्ययन

नेपाली संस्करण २०७६

# विषयसूची


दुई शब्दहरू

प्राक्कथन

अध्याय १: मानिसलाई मुक्तिको आवश्यकता........................................१८

१. मुक्ति के हो ?........................................१८

२. पाप के हो ?........................................२४

३. पाप कसरी आयो ?........................................४१

४. पापका नतिजाहरू........................................४७

५. विकासवाद सिद्धान्तको दृष्टिकोणमाथिको अविश्वास........................................५२

६. परमेश्वरले गर्नुभएको सृष्टिका प्रमाणहरू........................................५७

७. आधुनिक भौतिकशास्त्र र सृष्टिवाद........................................६७

अध्याय २: के मानिसले आफैंलाई बचाउन सक्छ ?........................................१०४

१. मानिसको मुक्ति कहाँबाट आउँछ ?........................................१०४

२. त्रिएकत्व परमेश्वरको दृष्टिकोणभन्दा अन्य फरक दृष्टिकोणहरू......१०५

३. येशुको बारेमा इस्लामिक बुझाइ........................................११८

४. दिइजम वा निस्क्रिय ईश्वरवादको आलोचना........................................१२२

अध्याय ३: बाइबलका लेखहरूका प्रामाणिकता........................................१२८

१. के बाइबलका लेखहरू प्रामाणिक छन् ?........................................१२८

२. इतिहास विज्ञानका नियमहरूबाट पुष्टि गरिएको........................................१३६

३. झुटो कुराको लागि को मर्छ र ?........................................१४६

४. पुरातात्त्विक प्रमाणहरू........................................१५२

५. वैकल्पिक सुसमाचारहरूका उदय........................................१५६

६. के बाइबल मनगढ्ण्ते अथवा विकृत त छैन?........................................१६२

अध्याय ४: के येशु वास्तविक व्यक्ति हुनुहुन्छ ?........................................१६६

१. प्राचीन गैरखीष्टियन लेखकहरूका सन्दर्भ-सङ्केतहरू..................१६६

२. रब्बीहरूका परम्परामा पाइने सन्दर्भ-सङ्केतहरू..........................१७२

३. के बाइबल अन्य धर्मका दुरूस्त प्रतिलिपि त होइन?....................१७६

अध्याय ५: केवल येशु खीष्टले मात्र मुक्ति दिन सक्नुहुन्छ.........................१८६

१. हाम्रो मुक्तिदाता येशु खीष्ट.......................................................१८६

२. प्रत्यक्ष खीष्टीयशास्त्रमा परमेश्वरको पुत्र येशु...........................१९०

३. अप्रत्यक्ष खीष्टीयशास्त्रमा परमेश्वरको पुत्र येशु..........................२०८

४. येशुको ईश्वरत्वमाथिका बहसहरू...............................................२५४

५. पुरानो करारका मसिही अगमवाणीहरू...........................................२६०

अध्याय ६: मुक्तिदाता येशुप्रति मानिसका प्रतिक्रियाहरू..................................२६४

१. ईश्वरनिन्दा गर्ने व्यक्तिको रूपमा लिइएको येशु..........................२६४

२. अन्त्य गर्नुपर्छ भनी लिइएको येशुको अभियान..........................२६६

३. ईश्वरनिन्दाको व्यवस्थाअनुसार मृत्युदण्डको तरिका....................२६८

४. ईश्वरनिन्दाको लागि येशुलाई क्रुसको मृत्यु दिइयो......................२७०

५. नातानको भविष्यवाणी.................................................................२७४

६. राजाको रूपमा परमेश्वरको पुत्र......................................................२७६

७. राजनैतिक मुद्दा लगाएर क्रुसको मृत्युदण्ड दिइयो.........................२८०

८. मृत्युदण्डको व्यवस्थामाथिको अधिकार.......................................२८२

९. येशुसँग सोधपूछको क्रममा पिलातसको प्रतिक्रिया........................२८६

अध्याय ७: येशुको बुझाइमा क्रुस..........................................................२९२

अध्याय ८: परमेश्वरको समर्थनलाई पुष्टि गर्ने पुनरूत्थान...............................३०२

१. येशुको धार्मिकताको घोषणाको रूपमा देखिएको पुनरूत्थान...........३०२

२. पुनरूत्थान घटनाक्रमको अर्थ....................................३०६

३. पुनरूत्थानको प्रमाण.................................................३१०

अध्याय ९: येशुको पुनरूत्थान र मेरो मुक्ति.............................३४८

१. हाम्रो लागि येशुको पुनरूत्थानको अर्थ..................................३४८

२. प्रायश्चितको काम जुनले सबै मानिसहरूलाई बचाउँछ................३४८

३. विश्वास परमेश्वरले मुक्तिको लागि दिनुभएको उपहार हो............३५६

४. विश्वास र पवित्र आत्मा (त्रिएकत्व)....................................३६०

५. बप्तिस्मा विश्वासको सार्वजनिक प्रदर्शन हो.............................३६२

६. बप्तिस्मा र विश्वास बीचको सम्बन्ध...................................३६४

७. विश्वास र ख्रीष्टियन नैतिक-आचरण....................................३६६

८. विश्वास र नैतिक-आचरण बीचको आधारभूत निश्चयता............३७२

अध्याय १०: मुक्तिको बाइबलीय अर्थ खोलाइशास्त्र (हरमेन्यूटिक्स)................३७८

१. बलिदान - परमेश्वरको क्रोध शान्त पार्ने प्रायश्चित...................३७८

२. बलिदानका दुईवटा कार्यहरू..............................................३८०

अध्याय ११: कतिखेर मुक्ति पाइन्छ ?..............................................४००

१. विगतको मुक्तिको कारण धर्मी ठहरिनु.................................४०८

२. वर्तमानको मुक्तिको कारण पवित्र ठहरिनु..............................४०९

३. भविष्यको मुक्तिको कारण महिमित हुनु.................................४१०

उपसंहार..........................................................................४१३

उद्धरण गरिएका सन्दर्भ-सङ्केतहरू...........................................४१८

# दुई शब्द

'हाम्रो मुक्तिको निश्चयता' किताबको पहिलो संस्करण २०१७ को जनवरी महिनामा प्रकाशित भएको थियो, त्यसबेला, यो प्रकाशित किताब खीष्टियन किताब लेखनको संसारमा एउटा नयाँ युगको आरम्भ भएको थियो। वास्तवमै, यो किताब कोरियाली खीष्टियन लेखकको एउटा ताजा परियोजना थियो। २०१८ को सेप्टेम्बर महिनामा पुनः प्रकाशित दोस्रो संस्करण, पहिलोको संशोधन र विस्तारित काम थियो।

यस किताबका लेखक रेभ. डा. किम जिन ऊक एक पास्टर, मिसन अगुवा र शिक्षक हुनुहुन्छ। यसका लेखकले स्थानीय मण्डलीमा वचन प्रचार गर्न 'मुक्तिको निश्चयता' शिर्षकमा अध्ययन गर्नुभयो र ईश्वरशास्त्रीय स्कूलहरूका शिक्षकको रूपमा यसलाई लेख्नुभयो। उहाँ दक्षिण कोरियाको एउटा स्थानीय मिसनरी मण्डलीको रूपमा रहेको इन्छन् प्रेष्बेटेरियन चर्चको वरिष्ठ पास्टर हुनुहुन्छ। उहाँले ईश्वरशास्त्रीय स्कूलहरूमा पढाउनुभएको छ जसमा, यूक्रेनको केएभ ईश्वरशास्त्रीय सेमिनरी पनि पर्दछ। यस किताब लेखनको परियोजनाका अभिप्रायहरूमध्ये एक ति राष्ट्रहरूका पाठ्य-पुस्तकहरूको आवश्यकतालाई पूरा गर्नु हो जहाँ मिसनरीहरूद्वारा प्रोटेस्टेन्ट सेमिनरी शिक्षा लागू गरेका छन्।

यो 'हाम्रो मुक्तिको निश्चयता' शिर्षक दिइएको किताब मुक्तिको सिद्धान्तको विषयमा मिसन, सुसमाचार प्रचार र पाष्टरको दृष्टिकोणबाट लेखिएको छ। यो किताबको विषयवस्तु मुक्तिको सिद्धान्तसँग एकदम सान्दर्भिक भएको हुँदा, यस किताबले धेरैजसो व्यवस्थित ईश्वरशास्त्रीहरूले कहिल्यै सामना गर्नु नपर्ने थुप्रै प्रसङ्गहरू- सुसमाचार प्रचार गर्दा उठ्ने व्यवहारिक प्रश्नहरूका बारेमा चर्चा गर्दछ।

त्यस्तै, यस किताबको प्रमुख पाठकहरूमा पश्चिमी संसारका सुसमाचार प्रचारकहरू पनि हुनसक्छन्, किनभने यो परियोजना उन्नत आधुनिक युगमा सुसमाचारको संचारमा यसले योगदान दिन्छ, र जुन अहिलेका सम्पूर्ण प्रचारकहरू र खीष्टियनहरूका लागि एकदम महत्त्वपूर्ण विषय पनि हो। खीष्टियन जगतको परिस्थिति र आधुनिक मिसनको परिस्थितिलाई मिलाउन खोलिएको परम्परागत सेमिनरी शिक्षामा एक अन्तर पाइन्छ। धेरै पास्टरहरू तिनीहरूका सेमिनरीहरूबाट शिक्षा हासिल गरिसकेपछि सुसज्जित र हित अथवा कम तयारी गरेको कुरा महसुस गर्दछन्। हाम्रो संस्कृति आधुनिक युगबाट उन्नत आधुनिक युगमा अघि बढिरहँदा यसलाई अझ बढी महसुस गरिएको छ। मुख्य

प्रश्न यो हो ठोस सत्यतालाई इन्कार गर्ने उन्नत आधुनिक युगका गैरखीष्टियनहरूलाई हामीले कसरी सुसमाचार सुनाउँछौं।

वास्तवमा, हाम्रो उन्नत आधुनिक युग अर्थात्, बहुवाची समाजमा हामीले भोग्नुपर्ने चुनौतीहरूका दुईवटा पाटाहरू छन्। त्यहाँ बाइबलको प्रामाणिकताको बारेका दिइने चुनौतीहरू छन् जुन आधुनिक र उन्नत आधुनिकतावाद दुवैबाट आउँछन्, र यी दुवै खीष्टियन धर्मसँग वैरभाव राख्छन्।

एक्काइसौं शताब्दीको अहिलेको समयमा धेरै सुसमाचार प्रचारकहरूले त्यहाँ दुईवटा मोर्चाहरू रहेछन् भन्ने कुरा देख्न सुरु गर्छन्। सुसमाचार नपुगेको मानिसहरूका समूहको एउटा मोर्चा, जहाँ रैथाने धर्महरूको विश्वदृष्टिकोण मात्र एकतर्फी रूपमा हावी छ। पश्चिमीहरूका बहुवाची समाजको त्यहाँ अर्को एक मोर्चा छ जहाँ विश्वदृष्टिकोणलाई पाखा लगाइएको छ।

यस किताबको लेखकले यी चुनौतीहरूलाई पहिचान गर्नुहुन्छ किनभने एक पास्टर र सुसमाचार प्रचारकको रूपमा उहाँ आफैंले ती कुराहरूसँग सङ्घर्ष गर्नुभएको छ। उहाँले मुख्य प्रश्नहरूका उत्तरहरूको खोजी गर्नुभयो र जब उहाँका खोजहरूलाई उहाँले एकत्रित गर्नुभयो, यी खोजहरू एउटा किताबको रूपमा विकसित भयो।

यस किताबलाई के कुराले अरूभन्दा अद्वितीय र भिन्न बनाउँछ भने त्यो कोरियाली दृष्टिकोण हो जुन भूमण्डलीकरण हुँदै गरेको यस युगमा महत्वपूर्ण छ। जबकि दक्षिण कोरियामा धेरै ठुला मण्डलीहरू छन्, तर कोरियाली मण्डलीका अगुवाहरूले लेखेका किताबहरूमध्ये थोरै मात्र अङ्ग्रेजीमा अनुवाद गरिएको छ।

यो किताबको अर्को विशेषता भनेको यो विभिन्न क्षेत्रहरूका अध्ययनबाट दिइएका योगदानहरूको एक सङ्कलन र एकिकरणको काम हो। त्यसकारण, यो किताबको दृष्टिकोण एक एसियाली अथवा पूर्वेली दृष्टिकोणभन्दा अझ बढी फराकिलो छ। यसमा कोरियाली र पश्चिमी दृष्टिकोणहरू बीचको एकता  पाइन्छ। जसकारण, यो किताब केवल ईश्वरशास्त्रका किताबहरूको श्रेणीमा मात्र पर्दैन। यसमा इतिहास, समाजशास्त्र, रैथाने धर्म, विज्ञान आदि बाटका जानकारीहरू र दृष्टिकोणहरू समावेश छन्। मैले फूलर थियोलोजी सेमिनरीबाट पि.एच.डि डिग्री हासिल गरे र मेरो सोध क्षेत्रको विज्ञताबाट म देख्छु कि यो किताबले केवल जानकारी दिने मात्र स्रोत होइन। विभिन्न

क्षेत्रको वहसले अन्य विज्ञहरूमा विचारहरू जन्माउँछ।

पश्चिमी र गैरपश्चिमी पाठकहरू दुवैले यस किताबबाट लाभ लिनुहुनेछ। पश्चिमी पाठकहरूले यस किताबलाई एसियाली धर्महरूको दृष्टिकोणलाई राम्रोसँग बुझ्न उपयोगी भएको पाउनुहुनेछ। यदि कसैले उसको वा तिनको एसियाली दृष्टिकोणको बुझाइलाई फराकिलो बनाउन चाहन्छ भने, यो संस्करण एसियाली धर्महरूप्रतिको कोरियाली ख्रीष्टियन दृष्टिकोणको एउटा राम्रो सन्दर्भ-सङ्केत सामग्री हो। अन्य पाठकहरूका लागि भने यही पुस्तक एउटा ठोस स्रोत हो जहाँ तिनीहरूले थुप्रै ठुला पश्चिमी लेखकहरूलाई भेट्न सक्छन्।

मैले यो पुस्तक मात्र ठुला विषयका लागि एउटा बृहत वा पूर्ण किताबको एक संस्करण हो भनेर भन्न खोजेको होइन। तैपनि, अहिलेलाई यो किताब एउटा ठुलो सुरुआत हो जुनले थुप्रै पाठकहरूको आवश्यकतालाई पूरा गर्नेछ।

पाठकहरूले 'शैक्षिक' र 'व्यवहारिक' सुसमाचार प्रचार बीचको एक साँघुको रूपमा यस किताबले काम गर्नेछ भन्ने अपेक्षा गर्न सक्नुहुन्छ। त्यसकारण, यो किताबलाई ईश्वरशास्त्र, सामाजिकशास्त्र र अन्तरसांस्कृतिक अध्ययनसँग सम्बन्धित केही विषयहरूका लागि कुनै पाठ्यक्रममा प्रस्तावित गरिने अध्ययन वा अभ्यास-पुस्तिकाको रूपमा प्रयोग गर्न सकिन्छ। आधुनिक शङ्कालु थोमाहरूबाट सोधिने धेरै प्रश्नहरूको उत्तरद्वारा आफैंलाई सुसज्जित गर्न, धेरै मण्डलीका अगुवाहरू जसमा जवान सङ्गतिका पास्टरहरू समेतले यो किताब उपयोगी भएको पाउनेछन्।

लेखकलाई 'हाम्रो मुक्तिको निश्चयता' लेख्नलाई विशेषगरी उन्नत आधुनिक युगको संस्कृतिमा सुसमाचार प्रचार गर्दा सोधिएका प्रश्नहरूको उत्तरहरूको खोजीले अभिप्रेरित गऱ्यो। लेखकले उन्नत आधुनिक युगमा प्रभुत्व जमाइरहेको विश्वदृष्टिकोणको समाजमा कसरी हामीले दृढ आत्मविश्वासका साथ ख्रीष्टियन सत्यताहरू सुनाउने भनी प्रश्न गर्नुभयो। धेरै शैक्षिक वा धारणात्मक हुनुको साटो, यो किताबले एउटा पूर्णतावादी तरिकालाई अपनाएको छ जुन हरेक सुसमाचार प्रचारकलाई सोधिने व्यवहारिक प्रश्नबाट सुरु हुँदछ।

उदाहरण दिनुपर्दा, यसको पहिलो अध्याय यस तर्कको युगमा पाठकहरूका लागि अर्थात्, ती आधुनिकतावादी जसलाई विकासवाद सिद्धान्तको शिक्षित गरिएको छ,

तिनीहरूका लागि ख्रीष्टियन एपोलोजेटिक्सको (बचाउशास्त्र) रूपमा विकास गरिएको छ। तिनीहरूलाई उत्तर दिन व्यक्तिले विज्ञानका सबै किताबहरू पढिराख्नु पर्दैन। यस किताबको पहिलो अध्यायले लगभग सबै उत्तरहरू दिन्छन्, जुनलाई कुनै पनि विज्ञानको विद्यार्थीले होइन भनी भन्न सक्दैन।

यो किताबलाई कसरी प्रयोग गर्ने भन्नेमा केही भनाइ राख्न चाहन्छु। पाठकहरूले यस किताबले किन बाइबलीय अनुच्छेदहरू उदृत गर्छन् भन्ने कुरालाई ध्यान दिनुपर्छ। प्रत्येक अध्यायमा गरिएका बाइबलीय उद्धरणहरू भक्तिमय आराधना गर्दा पढ्नका लागि हुन्। यसले पाठकहरूलाई यस किताबबाट तिनीहरूले पढ्ने र सिक्ने कुराहरू पूर्णरूपमा बाइबलले समर्थन गरोस् भन्ने कुरालाई निश्चय गर्न सहायता पुऱ्याउँछ।

दे ऱ्यङ किम, पि.एच.डि

# पहिलो संस्करणको प्राक्कथन

स्कमुली बोटेक भन्दछन्, “म जुनसुकै पनि धर्मको पूर्ण विरोध गर्दछु जुनले एउटा धर्मको आस्था अर्को धर्मको आस्थाभन्दा श्रेष्ठ छ भनी भन्दछ। म त्यसलाई आत्मिक जातिवादभन्दा केही भिन्न देख्दिनँ। यो हामी तिमीभन्दा परमेश्वरसँग नजिक छौं भनी भन्ने एउटा तरिका हो, र जुनले घृणातिर डोऱ्याउँछ।” खीष्टियनले नासरतका येशु मात्र परमेश्वरकहाँ पुग्ने एक बाटो हुनुहुन्छ भनी तर्क गर्दा, बोटेकले जस्तै थुप्रै मानिसहरूले यसलाई अहंकारी, साँघुरो र कट्टर विचार हो भनी भन्दछन्। बहुधार्मिक र धार्मिक सहिष्णुताको युगमा, यो विशेष दाबी राजनैतिक रूपमा गलत छ र अन्य विश्वास प्रणालीको अथवा “आत्मिक अधिनायकवाद”को मुखमा एक शाब्दिक चड्कन हो। बहुवाची रोजमेरी राडफोर्ड रूइथरले यसलाई “निरर्थक धार्मिक दुराग्रह” भन्दछन्, तिनले अझ भन्दछिन्, “खीष्टियन विचारले वा बाइबलीय विश्वासले धार्मिक सत्यतामाथि एकाधिकार राख्दछ जुन एक अपमानजक र निरर्थक धार्मिक दुराग्रह हो।”

निश्चय पनि, भारतीय दार्शनिक स्वामी विवेकानन्दले लिएको तरिकाको अभिव्यक्ति आज धेरै नै ग्रहणयोग्य छ: “हामी(हिन्दू) सबै धर्महरू सत्य छन् भनी स्वीकार गर्दछौं,” भनी १८९३ मा विश्व धार्मिक सम्मेलनमा बताए। उनी भन्छन्, वास्तविक पाप भनेको अरूलाई पापी हो भनेर भन्नु हो।

उनको किताब “परमेश्वरलाई बिदाइ” मा, चार्ल्स् टेम्पलटनले यसलाई “सहन नसकिने अनुमान” भनी भन्दछन्, किनकि बाइबलले दाबी गर्छ कि येशु बाहेक त्यहाँ “स्वर्गमुनी कुनै अर्को नाउँ दिइएको छैन...जुनद्वारा हामीले मुक्ति पाउन सक्छौं।” टेम्प्लेटन अझ थप्छन्: “विश्वमा खीष्टियनको सङ्ख्या सानो छ। विश्वमा प्रत्येक पाँच व्यक्तिमध्येक लगभग चार जनाले खीष्टियनको परमेश्वरलाई बाहेक अन्य ईश्वरमाथि विश्वास राख्दछन्। संसारको पचास लाखभन्दा बढी मानिसहरूले तीन सयभन्दा बढी ईश्वरको पूजाआजा वा भक्ति गर्दछन्। यदि कसैले यसमा प्रकृति र मृत आत्मालाई पूजा गर्ने वा आदिवासी धर्मलाई पनि समावेश गर्ने हो भने, यो सङ्ख्या बढेर तीन हजारभन्दा बढी पुग्छ। के हामीले केवल खीष्टियनहरू मात्र सही छन् भनी विश्वास गर्ने त?”

हाम्रो उन्नत आधुनिक युगमा विश्वलाई सम्बन्धवादको चरित्रबाट चिनिन्छ जुनले अनन्त र ठोस सत्यको अस्तित्वलाई इन्कार गर्दछ र यो साँचो हो कि त्यस किमिसको

खुल्ला र उदारवादी सोचले यस्तो समाजमा राम्रो स्थान पाउँछ। त्यस्तो अवस्थामा, ईश्वरशास्त्री आर.सि.स्प्राउलले उनको पुस्तक विश्वास गर्ने कारणमा भन्छन् कि विश्वास के हो भनेर खाज्न चाहनेहरूका निम्ति यो एउटा एक ठुलो अवरोध हुँदछ, होइन र? यस प्रश्नको हाम्रो उत्तर "होइन!" भन्ने हो।

खीष्टको अद्वितीयताको अति महत्वपूर्ण पक्ष भनेको उहाँको प्रायश्चितको काम हो। स्प्राउटले यसरी भन्छन्, "मोशाले व्यवस्थामाथि ध्यान गर्न सक्दथे; मोहम्मदले तर वारको बारेमा हल्ला फिजाउन सक्दथे; बुद्धले व्यक्तिगत सरसल्लाह दिन सक्दथे; कन्फुसियसले बुद्धिमानी भनाइहरू भन्न सक्दथे, तर यी मध्ये एकजना पनि संसारको पापको प्रायश्चित गरिदिन सक्ने योग्यका मानिसहरू थिएनन्" (स्प्राउल १९८२, ४४) ।

खीष्टको पुनरूत्थानले मात्र उहाँलाई अद्वितीय बनाउँदैन तर उहाँको मृत्युले पनि उहाँलाई अद्वितीय बनाउँछ जुन मानवको पापको मोल थियो। केवल खीष्टले मात्र हामीलाई छुटाउन सक्नुहुने भएकोले, "खीष्टियनको विशेष सत्य-दाबी सधैं खीष्टको अद्वितीयतामाथि निर्भर हुनुपर्दछ" (स्प्राउल १९८२, ४५)।

यस्तो देखिन्छ कि अर्थशास्त्रको "मागले आपूर्ति सृजना गर्दछ" भन्ने सिद्धान्त मानव जीवनको सम्पूर्ण क्षेत्रमा लागू हुँदछ। हामी सेवाकाइको सन्दर्भमा देख्न सक्छौं कि कलेजका विद्यार्थीहरू र जवानहरू बीच उठ्ने सबैभन्दा लोकप्रिय प्रश्न भनेको मुक्तिको निश्चयताको बारेमा हो। एउटा स्थानीय मण्डलीको पास्टरको रूपमा मैले यस आवश्यकतालाई पूरा गर्न, पाहुना वक्ताहरूलाई निमन्त्रणा गर्ने र बाइबल अध्ययन गर्नको लागि यस विषयको पुस्तिकाहरू अध्ययन गर्ने जस्ता विभिन्न तरिकाहरू अपनाएँ। तर पनि, यसको अझै बढी खोजी गर्नु आवश्यक छ भन्ने मनमा लाग्यो। अनि ठीक त्यही समय मैले किताब-पसलमा डा. सि ऊन किमले लेख्नुभएको "मुक्ति के हो ?" भन्ने किताबलाई पाउँदा म हर्षविभोर भएँ। यस किताबले मलाई मुक्तिको निश्चयताको विषयको लागि मेरो खोजीलाई विकास गर्नमा मलाई सहायता गऱ्यो, र अन्तमा यसले मुक्तिको निश्चयता शिर्षकमा एउटा किताब प्रकाशन गर्न डोऱ्यायो। मेरो यो किताब डा. किम सि ऊनका साथै अन्य थुप्रै लेखकहरू जसमा लि स्ट्रोबेल पनि पर्नुहुन्छ, उहाँहरूले लेख्नुभएका मुक्तिशास्त्र र खीष्टियशास्त्र किताबहरूप्रति ऋणी छु भनी आभार व्यक्त गर्न चाहन्छु।

यदि कसैले मुक्तिको निश्चयता को यस किताबको विषयवस्तुलाई एक शब्दमा भन्ने हो भने, यो परमेश्वरको पुत्रको ईश्वरशास्त्र हो भनी भन्न सक्छ। यो किताबले येशु, परमेश्वरको पुत्र देहधारी भएर यस संसारमा आउनुभयो र मानवको पापको प्रायश्चितको लागि क्रुसमा बलिदान हुनुभयो, र उहाँमाथि विश्वास गर्ने जो कोही परमेश्वरको सन्तान हुँदछ जसले परमेश्वरको राज्यमा अधिकार गर्नेछ भनी बताउँदछ। यो किताब केवल एक साधारण ईश्वरशास्त्रको किताब होइन। अन्य बाइबल अध्ययन पुस्तिकाहरू जस्तै, यो किताब पनि "मुक्तिको सिद्धान्त"(मुक्तिशास्त्र) प्रति समर्पित छ र यस विषयमा केन्द्रित हुन यसका सबै विषयवस्तुहरूलाई व्यवस्थितरूपमा प्रस्तुत गरेको छ। प्रत्येक उप-विषयको ईश्वरशास्त्रीय वृतान्तहरू त्यसलाई समर्थन गर्ने बाइबलीय पदहरू दिइएका छन् ताकि, पाठकहरूले अध्ययन गर्दै गर्दा भक्तिमय मनन् गर्न सक्नुहुन्छ। यो किताब मुक्तिको सिद्धान्तको एक विस्तृत अध्ययन हो, र यसका विभिन्न लेखाइहरू यस विषयमा सम्पूर्ण तवरले ज्ञान दिनका लागि लेखिएका हुन्।

यस किताबको मुख्य पाठकहरू पास्टरहरू हुन् जो मुक्तिको सिद्धान्तमा आफ्नो बुझाइलाई बिस्तार गर्न चाहन्छन् ताकि तिनीहरूले विश्वासीहरूलाई मुक्तिको निश्चयता पाउनमा राम्रोसँग सहायता गर्न सक्दछन्। वास्तवमै यो तरिका हाम्रो समयको सन्दर्भमा आवश्यक छ जहाँ ख्रीष्टियनहरूले उन्नत आधुनिकतावादको चुनौतीको सामना गरिरहेका छन्।

तिनीहरूले भनेजस्तै, हाम्रो समय उन्नत आधुनिकताको युग हो जहाँ अनन्तको सत्यता नै एकमात्र सत्यता हो भन्ने कुरा माथिको विश्वास र मुक्तिको एक मात्र बाटो छ भन्ने कुराको विश्वास हाम्रो समाजबाट किनारा लगाइएको छ र हराउँदै गइरहेको छ। अहिलेको लोकप्रिय कुरा भनेको यदि हामीले येशु मात्र एक मुक्तिदाता हुनुहुन्छ भनी भन्यौं भने, हामी साँघुरो सोच राख्ने धार्मिक मानिस हौं र परोपकारी र मानव भाइचाराको विरूद्ध लागेको समूह हो भनी हामीलाई आरोप लगाउँछन्। तर सत्य कहिल्यै पनि दुईवटा हुन सक्दैन, र मुक्तिको बाटोहरू पनि धेरै हुनसक्दैन। किनभने यदि सत्यता दुईवटा हुने हो र मुक्तिका धेरै बाटोहरू हुने हुन् भने, "सत्यता" र "मुक्ति" शब्दावलीहरू नै आवश्यक छैनन्। आधुनिक युग धार्मिक सहिष्णुताको युग भए तापनि, गणितविज्ञ र भौतिकशास्त्री बि.पास्कलले भन्नु भएजस्तै, एउटा प्रकाश जुनले विश्वासीहरूलाई प्रशस्त उज्यालो दिन्छ भने अविश्वासीहरूलाई भने अन्धकार नै हुन्छ। यस किताबको प्रकाशन गर्नुको उद्देश्य भनेको येशु मात्र मुक्तिदाता हुनुहुन्छ

र उहाँ माथि विश्वास गर्ने बचाइन्छन् भनी घोषणा गर्नु हो।

म रेभ.लि जून क्यू जसले यो किताब प्रकाशन नभएसम्म अथक परिश्रम गर्नुभएको छ, उहाँलाई धन्यवाद दिन चाहन्छु र साथै इन्छन् चर्चका सबै विश्वासीहरूलाई पनि धन्यवाद दिन चाहन्छु जसले उदारचित्तले यो किताबको प्रकाशनको योजनामा सहायता गर्नुभयो र त्यस्तै, कोरियाली प्रेष्बेटेरियन चर्चको प्रकाशन गृहलाई पनि यो किताब कोरियाली संस्करणमा प्रकाशन गरिदिनु भएकोमा धन्यवाद दिन चाहन्छु।

# बधाई तथा शुभकामना

लेखक Jin Kim in Wook द्वारा लिखित 'हाम्रो मुक्तिको निश्चयता' नामक पुस्तकलाई सरसरती पढ्ने मौका पाएँ। धेरै सोच विचार गरेर लेखकले धेरै बिषयहरूमा लेख्नुभएको छ। मानिसको निम्ति मुक्ति चाहिन्छ, के मानिसले आफैंलाई बचाउन सक्छ? के बाइबल लेखाइ आधिकारिक छ? के ख्रीष्ट येशू साँचो व्यक्ति हुनुहुन्छ? येशु ख्रीष्टले मात्र मानिसलाई उद्धार गर्न सक्नुहुन्छ, मानिसको प्रतिक्रिया क्रुसको बारे येशुको बुझाई, येशु ख्रीष्टको पुनरूत्थान र मेरो मुक्ति, आदिबारे बिस्तृत रूपमा लेख्नुभएको छ। हरेक ख्रीष्टियनले पढ्नै पर्ने यो पुस्तक हो। यो पुस्तक पढेपछि मुक्तिको निश्चयता पाउँछ र सबै शङ्का हटाइदिन्छ। अरू मानिसहरू जसले प्रभुमा र बाइबलप्रति शङ्का गर्नेको शङ्का हटाएर मुक्तिको निश्चयता दिलाउँछ र साक्षी दिनलाई सहायता गर्छ। लेखकलाई धेरै धन्यवाद र शुभकामना छ। प्रभुले पाठकवर्गलाई धेरै आशिष देऊन्।

पा. रेभ. डा. मङ्गलमान महर्जन

# दुई शब्द

मुक्तिशास्त्र एक बृहत तर अति नै गहन विषयवस्तु हो, जुन सारा मानव जातिको सरोकारको विषय हो। संसारका धेरैजसो धर्महरूमा मुक्तिशास्त्रको बारेमा यथेष्ट र सटिक कुराहरू गरिएको पाइँदैन। तर ख्रीष्टियन जगतमा कालान्तरदेखि परमेश्वरले यस विषयमा उहाँका मानिसहरूलाई प्रकाश दिँदै आइरहनुभएको छ। जसकारण, आज व्यवस्थित ईश्वरशास्त्रको अध्ययन अन्तर्गत यस विषयमा अध्ययन तथा अध्यापन गराइन्छ। यसले व्यक्तिको परमेश्वर र उहाँको पुत्र येशुमाथिको विश्वासलाई मात्र सुदृढ़ गर्दैन, तर अझ हरेक मानिसलाई उहाँको बारेमा साक्षी दिन थप प्रेरणा दिन्छ।

यो पुस्तक पास्टर, मिसन अगुवा एवं बाइबल प्राध्यापक डा. किम जिन ऊकले हरेक वर्गजस्तै एउटा साधारण गैरख्रीष्टियन व्यक्तिदेखि लिएर ठूला प्राध्यापकसम्मले अध्ययन गर्न मिल्ने गरी लेख्नुभएको देखिन्छ। मैले भन्नुपर्दा, यो पुस्तक बाइबल स्कूल तथा बाइबल अध्ययनमा रूची राख्ने व्यक्तिहरूका निम्ति साह्रै उपयोगी भएको मैले पाएको छु। यस पुस्तकमा आजको आधुनिक युगमा गैरख्रीष्टियन व्यक्तिहरूले विज्ञान, दर्शनशास्त्र र तर्कशास्त्रमा आधारित भएर गर्ने गरेका थुप्रै प्रश्नहरूका प्रतिउत्तरहरूलाई पाउन सकिन्छ। साथै, लेखकले यो पुस्तकमा येशु अन्य धर्मजस्तो पुष्टि गर्न नसकिने पात्र नभई, तर कसरी एउटा ऐतिहासिक व्यक्तित्व, परमेश्वरको पुत्र र संसारको एकमात्र मुक्तिदाता हुनुहुन्छ भनी उहाँले सविस्तारमा आफ्नो गहन अध्ययनहरूलाई प्रस्तुत गर्नुभएको छ। जसको लागि, म उहाँको अध्ययनशीलता, मेहनत र मानिसलाई येशुको बारेमा बताउने उहाँको तीव्र चाहनाको सराहना गर्दै, यस पुस्तकबाट असल नतिजाको अपेक्षा राख्दछु। साथै, नेपाली ख्रीष्टियन समुदायमा नेपाली भाषाको ईश्वरशास्त्रीय पुस्तकका स्रोतहरू निकै कम रहेको बेला, यो पुस्तक एउटा बहुमूल्य सम्पत्ति हुनेछ भन्ने आशा राख्दछु।

'हाम्रो मुक्तिको निश्चियता'लाई नेपाली संस्करणमा पनि प्रकाशन गर्नुभएकोमा, म डा. किम जिन ऊक ज्यूलाई धेरै-धेरै बधाइ दिन चाहन्छु। परमेश्वरले अझै बढी आशिष दिनुभएको होस्। धन्यवाद।

श्री तारा सिंह कठायत
राष्ट्रिय निर्देशक
नेपाल क्याम्पस क्रुसेड फर क्राइस्ट
काठमाण्डौं, नेपाल

*"हामी जान्दछौं, सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ। सृष्टि मात्र होइन, तर हामी आफै पनि, जसमा पवित्र आत्माको पहिलो फल छ, सन्तानको रूपमा ग्रहण गरिनलाई, अर्थात् हाम्रो देहको उद्धारको निम्ति प्रतीक्षा गरेर हामी आफै पनि भित्र-भित्रै आर्तनाद गर्दछौं।"*

(रोमी ८:२२-२३)

## अध्याय १:
### मानिसलाई मुक्तिको आवश्यकता

किन हामी मानिसलाई मुक्तिको आवश्यकता छ? जब हाम्रो पास्टरीय र सुसमाचार प्रचारको सेवाकाइको क्रममा साधारण तर गहकिलो यस प्रश्नको सामना गर्दा, हामीले कसरी उत्तर दिनुपर्छ? धेरै सामान्य विश्वासीहरू विश्वासको बारेमा विश्वस्त हुँदैनन् किनभने वैज्ञानिक तर्कको युगमा उठ्ने वा सामना गर्नुपर्ने यस प्रश्नको उत्तर तिनीहरूलाई थाहा हुँदैन। यो अध्यायले केही व्यवहारिक निर्देशनहरूका बारेमा बताउँछ जुनले एक्काइसौं शताब्दी अथवा उन्नत आधुनिक संसारमा जिइरहेका विश्वासीहरूलाई तिनीहरूका विश्वासमा विश्वस्त हुन सहायता गर्न सक्छ।

### १. मुक्ति के हो?

१.सुसमाचार प्रचारको सन्दर्भका प्रश्न

सुसमाचार प्रचार गर्दा मैले सामना गरेका दुईवटा प्रश्नहरूसँग मैले धेरै लामो समयसम्म सङ्घर्ष गर्नुपर्‍यो। पहिलो प्रश्न, "किन हामीले ख्रीष्टियन धर्ममा विश्वास गर्ने?" भन्ने थियो। यसलाई अर्को तरिकाले भन्दा, "किन येशु मात्र मुक्तिदाता हुनुहुन्छ?" दोस्रो प्रश्नको तात्पर्य यदि येशु मात्र त्यो व्यक्ति हो जसले मुक्ति दिनुहुन्छ भने, "दुई हजार वर्ष अघि प्यालेष्टाइनको एउटा गाउँमा मर्नुभएको उहाँमा विश्वास गरे कसरी मेरा पापहरू क्षमा हुन्छन् र मैले तीबाट छुट्कारा पाउँछु?" भन्ने हो। अर्को शब्दमा, यो "विश्वास के हो?" भन्ने प्रश्न हो।

स्पष्टरूपमा भन्दा, त्यतिबेला मैले यी दुई प्रश्नहरूका उत्तर निर्धक्क भएर दिन सकिनँ। केही समयसम्म यी दुई प्रश्नहरूसँग सङ्घर्ष गरिरहँदा, मैले त्यसका उत्तरहरू पाएँ जुन मैले यस किताबमा निर्धक्कसाथ लेखेको छु।

*"ताकि तपाइँलाई बताइएका विषयहरूको सत्यता तपाइँलाई थाहा होस्।" (लूका १:४)*

*"तिमीहरूमध्येका एक जना ख्रीष्ट येशुका दास इपाफ्रासले पनि अभिवादन पठाएका छन्। तिनले आफ्ना प्रार्थनामा परिश्रमसाथ*

*सधैँ तिमीहरूलाई स्मरण गर्छन्, ताकि तिमीहरू परिपक्व होओ, र परमेश्वरका सारा इच्छामा सम्पूर्ण रूपले निर्धक्क भई बस्न सक।" (कलस्सी ४:१२)*

*"तर ख्रीष्टलाई प्रभु मानेर तिम्रो हृदयमा उहाँको श्रद्धा गर। तिमीहरूमा भएका आशाको विषयमा कसैले सोधपूछ गरे त्यसको जवाफ दिन सधैँ तत्पर बस, तर त्यो काम नम्रता र श्रद्धासाथ गर। ( १ पत्रुस ३:१५)*

पहिलो पत्रुस ३:१५ मा "त्यसको बचाऊ गर्न" वा "त्यसको जवाफ दिन"को लागि प्रयोग गरिएको ग्रीक शब्द ἀπολογία हो जुनबाट अङ्ग्रेजी भाषाको शब्द "अपोलोजेटिक्स" आएको हो। व्यक्तिसँग मुक्तिको बारेमा प्रश्नहरू उठाउनेका निम्ति "उत्तर दिने" कुरा हुनुपर्छ। पाठकहरूले यो किताब उनीहरूको मुक्तिको निश्चयमा बलियो बनाउने सहयोगी स्रोतको रूपमा पाउनुहुनेछ।

निश्चय पनि, ख्रीष्टियन विश्वास मानव बुझाइ र तर्कहरूभन्दा परको कुरा हो। एकपटक टि. डि चार्डिनले विश्वास गर्दैमा सबै कुरा बुझेको छ भन्ने होइन भनी बताउनुभयो। प्रकाश विश्वासको एउटा महत्त्वपूर्ण स्रोत हो। तर, हामीले मानवीय बुझाइ र तर्कहरूलाई बेवास्ता गर्न सक्दैनौँ; बरु हामी त्योभन्दा पनि पर पुग्दछौँ। एम्ब्रोसियस भन्छन्, "बिनाकुनै तर्क परमेश्वरमा विश्वास गर्नमा हामी आज्ञाकारी भएको उहाँ चाहनुहुन्छ।" त्यसैगरी, रेभ. सन याङ-वन भन्छन्, "हामीसँग विश्वास र ज्ञान दुवै हुनुपर्छ; विश्वास र ज्ञान एक-अर्कासँग सम्बन्धित समानान्तर कुरा होइनन्, तर एक सहकारी मित्र मात्र हुन्। विशुद्ध तरिकाले भन्दा, त्यहाँ 'बिना विश्वासको ज्ञान' र 'बिना ज्ञानको विश्वास' हुनसक्दैन।

सन्त अगष्टाइन र सन्त एम्सेल्म जोड दिँदै भन्छन् "विश्वासपछि थाहा गर्नु"(fides guaerens intellectum) अर्थात्, विश्वास गरिसकेपछि थाहा गर्नुद्वारा "म थाहा गर्नका लागि विश्वास गर्छु" (credo ut intellegam) भन्नु हो। यही प्रवृत्ति हामीले जोन वेस्ली र कार्ल बार्थमा देख्छौँ। पिटर एबेलरार्ड र थोमस एक्यीनसले विपरीत धारणा राख्दै "विश्वास गर्नका लागि म थाहा गर्छु" भन्नुको अर्थ "थाहा गराइबाट विश्वास गराइमा बढ्नु" भने।

विश्वासमा लिनसक्ने "दुई भण्डारणको संरचनाहरू"को यो विचार र पूर्वानुमान तर्कको परिकल्पनाले मध्ययुगीय पाण्डित्यवादलाई जन्म दियो। यो दृष्टिकोणको कमजोरी भनेको यदि कसैले थोमसले गरेजस्तै वैज्ञानिक र अनुभवको आधारमा प्रमाणित केवल तर्कयुक्त कुराहरूमा मात्र विश्वास गर्न चाहन्छ भने, विश्वास गर्न एकदमै असम्भव हुन्छ। त्यसको ठीक विपरीत, टार्टुलियन र मार्टिन लुथर भन्छन्, " म विश्वास गर्छु किनभने यो निर्थक छ।" टार्टुलियनले तर्कवादलाई छोडिदिए किनभने उनले एथेन्समा ग्रीक दर्शनशास्त्रको तर्कवाद विरुद्ध ईश्वरशास्त्रको विकास गर्दै थिए। त्यसैगरी, लुर्थरले यसलाई छोड्न सकेनन् बरु विश्वास गरिसकेपछि, तार्किक अनुमानको आधारमा मानवको स्वतन्त्र इच्छाका साथ गरिएको असल काम गर्न खोज्ने मध्य युगीय पाण्डित्यवादका समस्याहरूको आलोचना गर्न, उनले बिनातर्कको विश्वासलाई जोड दिए। यी दुवै अतिवादहरू बिनातर्कको विश्वास र तर्कसहितको विश्वासमा कमिकमजोरीहरू थिए। व्यक्तिको तर्कको भूमिका थाहा गराइद्वारा विश्वास स्वस्थ हुनसक्छ, तर तर्क गराइबाट विश्वास गर्ने सम्बन्धमा यसको सीमिततालाई बुझ्नु पर्छ।

प्युरितान म्याक्सीम भन्छन् :

> सारा अनुग्रह बुझाइको माध्यमबाट आउँछन्। खीष्टसँग सम्बन्ध गाँस्नु भनेको उहाँको बारेमा ऐतिहासिक तथ्यहरूलाई थाहा गर्नुभन्दा पनि बढी हो। तर पनि यो ऐतिहासिक तथ्यहरूमा आधारित छ। येशुसँगको हाम्रो सम्बन्ध प्रमाणभन्दा परको हुनुपर्छ र हामीले हरेक दिन उहाँमाथि भरोसा राख्नुपर्छ र उहाँसँग हिँड्नुपर्छ। तर पनि हामी ऐतिहासिक प्रमाणहरूमा आधारित भएर येशुमा विश्वास गर्दछौं । खीष्टियन विश्वास तथ्यहरूमा आधारित छ; यो केवल एक कल्पना वा प्रतिक मात्र होइन। त्यसैगरी, परमेश्वरले उहाँका मानिसहरूलाई शारीरिक हिंसा वा शक्तिमा डोऱ्याउनु हुन्न, तर सावधानीपूर्वक गरिएको बहस र बौद्धिक आज्ञाकारितामा डोऱ्याउनुहुन्छ जुन व्यक्तिगत आज्ञा पालनसँग जोडिएको हुन्छ। (किम नाम-जूनबाट उदृत, १९९७, ११२)।

नास्तिक जर्ज एच. स्मिथले विश्वासलाई तर्करहित भरोसामा सीमित गर्दै ठोकुवाका

साथ भन्छन्, "तर्क र विश्वास दुई विपरीत र पारस्परिक विशेष शब्दावलीहरू हुन्: यी बीच कुनै समन्वय अथवा साझा आधार छैन । विश्वास तर्करहित वा तर्कका बाबजुद गरिने भरोसा हो।" तर ख्रीष्टियन शिक्षक डब्लु. बिङ्ह्याम हन्टरले भने त्यसको विपरीत विचार व्यक्त गर्नुहुन्छ। "विश्वास", उनी भन्छन्, "परमेश्वरले प्रकृतिमा, मानव इतिहासमा, बाइबलमा र उहाँको जीवित हुनभएको पुत्रमा आफैंलाई प्रकट गर्नुभएको प्रकाशको प्रमाणप्रतिको तार्किक प्रतिक्रिया हो।" लि स्ट्रोबेललाई उनको तर्कसँग अनुकूल, न कि विरोधी विश्वासको आवश्यकताले उनको किताब 'विश्वासको मामला' लेख्न प्रेरणा दिएको थियो। (स्ट्रोबेल २०००, ११)

हामी त्यस प्रकारको बुझाइ मुक्ति र परमेश्वरका सबै अनुग्रहहरूका मुख्य ढोका हो भन्नेमा विश्वस्त छौं। किनभने त्यस प्रकारको ज्ञान तर्कद्वारा बताइदिनु पर्छ। त्यसकारण, हाम्रो पहिलो बुझाइ सिद्ध नभएता पनि, हामीले त्यसलाई पहिलो पटकमै बुझ्नसक्ने क्षमताको लागि पहल गर्नुपर्छ। बुद्धि नै ज्ञानसम्म पुग्ने भऱ्याङ हो। ख्रीष्टियनधर्मले तर्क र बुद्धिलाई इन्कार गर्दैन, तर तर्क र बुद्धिभन्दा अझ पर जाँदछ। निश्चय पनि, यहाँ हामी पवित्र आत्माको कामलाई बेवास्ता गर्दैनौं । पवित्र आत्माले हामीलाई बुद्धिद्वारा महसुस गर्न (थाहा गर्न) सहायता गर्नुहुन्छ र हामीलाई यसका ज्ञानको माध्यमद्वारा हर-प्रकारका अनुग्रहहरू प्रदान गर्नुहुन्छ।

## २.सेवाकाइको सन्दर्भबाटका प्रश्न

एकदिन म एउटा स्थानीय मण्डलीमा माध्यामिक विद्यालयका विद्यार्थीहरूलाई प्रचार गर्दैगर्दा, मैले तिनीहरूलाई यस्तो चुनौती दिएँ, "कोही छ जसले मैले मुक्ति पाएको कुरामा म निर्धक्क छु भनी आफ्नो हात माथि उठाउन सक्छ।" एक सय विद्यार्थीहरूमध्ये केवल दुई जनाले मात्र आफ्ना हात उठाए। मैले तिनीहरूलाई अर्को पनि प्रश्न सोधेर चुनौति दिएँ। " कोही छ जसले मैले पवित्र आत्माको बप्तिस्मा पाएको छु; र पवित्र आत्मा मभित्र वास गर्नुहुन्छ भनी विश्वास गर्दछ भने आफ्नो हात माथि उठाऊ।" यस पटक तिनीहरूमध्ये कसैले पनि हात उठाएनन्। निम्न लिखित बाइबलीय पदहरू मैले ती विद्यार्थीहरूका लागि पढें र त्यसपछि मुक्तिको निश्चयता र पवित्र आत्माको उपस्थितिको बारेमा तिनीहरूलाई बताएँ।

किनकि यदि तिमीले येशुलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार
गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी

आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ। (रोमी १०:९)

यसकारण तिमीहरूले यो कुरा बुझेको म चाहन्छु, कि परमेश्वरका आत्माद्वारा बोल्ने कसैले "येशु श्रापित होस्" भन्दैन, अनि पवित्र आत्माद्वारा मात्र "येशु नै प्रभु हुनुहुन्छ" भन्न सक्छ। (१ कोरिन्थी १२:३)

किनभने फेरि डरमा पर्नलाई दासत्वका आत्मा तिमीहरूले पाएका छैनौ, तर तिमीहरूले धर्मपुत्र हुने आत्मा पाएका छौ। यसैले जब हामी परमेश्वरलाई "अब्बा, पिता" भनी पुकार्छौं... (रोमी ८:१५)

तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता!" भनेर पुकार्नुहुन्छ। (गलाती ४:६)

सम्भवत: म मात्र एक्लो प्रचारक होइन जसले यस्तो असहज परिस्थितिको सामना गर्नुपर्‍यो। तर, म विश्वास गर्छु यी दुई प्रश्नहरू ख्रीष्टियनधर्मको सबैभन्दा महत्त्वपूर्ण सिद्धान्तसँग सम्बन्धित छन्। यो किताबमा हामी यी दुई प्रश्नहरूका उत्तरहरूलाई खोज्ने प्रयत्न गर्नेछौं।

## ३.मुक्तिको अर्थ

मुक्ति एक बृहत विचार हो जसको अर्थ सम्पूर्ण खराबीहरू र कष्ट- भोगाइहरूबाट स्वतन्त्र हुनु हो। पास्कलले भनेजस्तै, जब त्यहाँ 'खराबी, गरिबी र रोग' आउँछ प्राणशक्ति बलियो हुन्छ किनभने 'दु:खकष्ट'को उत्तर ख्रीष्टियन विश्वास हो। अनि सम्पूर्ण खराबीहरू र कष्ट-भोगाइहरूको अन्त्य मृत्यु हो। "किनकि पापको ज्याला मृत्यु हो..." (रोमी ६:२३)

त्यसोभए, हामीहरू किन खराबी र कष्ट-भोगाइको बाटोमा हिँड्छौं ? यो पापको कारणले गर्दा हो। यो "किन मृत्यु आउँछ?" भन्ने प्रश्नजस्तै हो। यदि कसैले पाप गर्छ भने, त्यसले चुकाउनुपर्ने अपरिहार्य मूल्य मृत्यु हो। बाइबलमा, मृत्यु सधैं र पूर्णरूपमा मृत्युसँग सम्बन्धित छ (उत्पत्ति २:१७; मत्ती १०:२८; रोमी ५:१; १ कोरिन्थी ११:३०-३२; हिब्रू ९:२७)। र त्यहाँ तीन प्रकारका मृत्युहरू छन्: आत्मिक मृत्यु, शारीरिक

मृत्यु र अनन्तको मृत्यु। मानिस परमेश्वरबाट अलग हुनु आत्मिक मृत्यु हो, शारीरिक मृत्युचाहिँ शरीरबाट प्राण अलग हुनु हो र अनन्तकालसम्म नरकमा जानु अनन्तको मृत्यु हो।

जब मानिसलाई ईश्वरीय चेतावनी दिइयो, "जुन दिन तैंले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस्" (उत्पत्ति २:१७) स्वर्गको यस कथाले मृत्युको बारेमा पहिलेबाटै बतायो। मृत्यु मानिसको चरित्र हो (बर्कोवेयर १९६२, २३५)।[1] उत्पत्तिको ३ अध्यायले हामीलाई सिकाउँछ कि मानिसको पापको कारण संसारमा मृत्यु आयो। यसको मतलब के हो भने मृत्यु प्राकृतिक स्वभाव होइन, तर परमेश्वरले निर्देशित गर्नुभएको कुरा हो। अर्को शब्दमा भन्दा, पाप गर्ने मानिसलाई माटोमा फर्कन परमेश्वरले निर्दिष्ट गर्नुभएकोले मृत्यु आयो।

> *तपाइँ मानिसलाई धुलोमा फर्काउनुहुन्छ र भन्नुहुन्छ, "ए मानिसका सन्तान हो, धुलोमा फर्किजाओ।" (भजनसंग्रह ९०:३)*
>
> *हामी तपाइँको क्रोधमा भस्म भएका छौं, र तपाइँको आक्रोशमा हामी आतङ्कित हुन्छौं। तपाइँले हाम्रा अधर्म आफ्नै सामुन्ने राख्नुभएको छ, हाम्रा गुप्त पापहरू तपाइँको उपस्थितिको प्रकाशमा छन्। हाम्रा सारा दिन तपाइँको क्रोधमा बित्दछन्, सुस्केरामा हामी आफ्ना वर्षहरू बिताउँदछौं।" (भजनसंग्रह ९०:७-९)*

यी पदहरूले यो कुरालाई स्पष्ट पार्दछ कि मृत्यु मानिसको पापको विरुद्ध परमेश्वरको क्रोधको नतिजा हो। अनन्त जीवन पाउने एकमात्र सम्भावनाको बाटो खोलिएको छ किनभने मृत्यु एक दुर्घटना हो, तर प्राकृतिक स्वभाव होइन। यदि मृत्यु मानिसको प्राकृतिक स्वभाव हुँदो हो त, त्यहाँ मानिसलाई बचाउने कुनै पनि बाटो हुँदैनथ्यो, किनकि प्राकृतिक स्वभाव एक प्रकारको गुण हुनसक्छ (पाक १९८७, ७६५)।

मानिसको पापले गर्दा बाइबलमा लेखिएका घटनाहरू जुनलाई हामी मुक्तिको कथा भन्दछौं, त्यसका सम्पूर्ण शृङ्खलाहरू घट्नु आवश्यक भयो। मृत्युलाई पाप हटाउने सीमासम्म मात्र जित्न सकिन्छ। पाप परमेश्वरको विपरीत भएजस्तै, यसको नतिजा मृत्यु पनि ठीक त्यस्तै छ। पापले मानिसको केवल शरीर र आत्मा मात्र नभई सम्पूर्ण

[1] जि.सि.बर्कोवेयरले जोड दिन खोजेको कुरा "प्राकृतिक मृत्युले त्यसको अर्थ र लक्ष्य केवल प्राकृतिक मृत्युमै मात्र खोज्दछ" भन्ने हो ।

मानवलाई नै अङ्गालेको छ; र यसको नतिजा मृत्युचाहिँ सारा सृष्टिमै फैलियो। मृत्यु कुनै भयानक कुराले ल्याउँदछ (कलमन् १९६५, २०-२२)।

मार्टिन ह्यडगरले मृत्युलाई “वर्तमान अस्तित्वको सबैभन्दा अनौठो र अन्तिम कुरा हुनुको साथै सबैभन्दा बढी सम्भावित कुरा हो, जुनभन्दा अरू कुनै कुरो पर जान सक्दैन” भनी परिभाषित गर्नुहुन्छ। चीत्कार चित्रको चित्रकार एडवार्ड मुन्च (सन् १८६३-१९४४) भन्छन्, “यो रोग, पागलपन र मृत्युको काला दूतहरू हुन् जसले मेरो अस्तित्वमाथि आँखा गाडेका थिए,” र उनी सधैं मृत्युको भयले थरथर काँपिरहे ।

## २. पाप के हो ?

पहिला हामीले पापको बाइबलीय बुझाइको बारेमा थाहा गर्नुपर्छ। यदि विकासवाद सिद्धान्त मात्र हाम्रो समाजलाई शासन गर्ने शिक्षा वा नियम हो भने त्यहाँ पापको कुनै अवधारणा हुने थिए। किनकि विकासवादको सिद्धान्त जीवनको उद्देश्यको सन्दर्भ-सामग्रीरहित जीवनको अस्तित्वको बारेमा एउटा पूर्वानुमान हो।

### १.पापको स्वभाव

हामीले उत्पत्तिको दुई अध्यायमा देख्न सक्छौं, पाप भनेको सृष्टि गरिएको मानिस परमेश्वर बन्ने प्रयास गर्नु हो। भन्नुपर्दा, पाप मानिस आफै मालिक भई जिउँछु भनेर गरिएको एक सार्वजनिक घोषणा हो, जुन परमेश्वरको विरुद्धमा अभिप्रायपूर्वक अनाज्ञाकारी र विद्रोही भएको कुरामा देखियो; यो त्यो घोषणा हो जुनमा म परमेश्वर को इच्छा स्वीकार गर्दिनँ भनिन्छ। स्वाभाविक पापले गर्दा मानिसले उसको सृष्टिकर्ता परमेश्वरलाई इन्कार गर्छ, तैपनि त्यहाँ पापका अन्य रूपहरू पनि छन् जस्तै मनद्वारा गरिने पाप (अरूलाई घृणा गरेर), बोलाइद्वारा गरिने पाप (श्राप दिएर), कामबाट गरिने पाप (कुट्पिट गरेर), कानुन उल्लङ्घन गरेर गरिने पाप (चोरेर) र त्यस्तै अन्य-यसलाई हामीले “दृश्य पाप” भनेर भन्न सक्छौं। छोटकरीमा, यदि कसैले कुनै स्वभाविक पाप (उत्पत्ति ३ मा देख्न सकिने) गर्छ भने, उत्पत्तिको चार अध्याय (हत्यारा)को प्रवृत्ति उसमा स्वत: देखा पर्छ।

सन्त अगस्टाइनको भनाइ अनुसार, पाप कानुनी र नैतिक अपराध होइन, तर ‘परमेश्वरबाट पीठ फर्काउनु’ हो। जसकारण, सबै पापको सुरुआत घमण्डबाट (superbia) हुन्छ। र घमण्डको सुरुआत मानिसले परमेश्वरबाट पीठ फर्काएपछि भयो।

सन्त अगस्टाइनले (superbia) भन्नुको अर्थ “आफूमा-केन्द्रित हुनु” भन्ने हो। यसैलाई रिचार्ड नेइबुहर् ‘घमण्ड’ भन्छन् र पावल टिलिक ‘हाइब्रिस’ अर्थात्, आफूलाई ठुलो बनाउनु भन्छन्। यसले सामान्य बुझाइमा घमण्ड भन्ने बुझाउँदैन। मनोवैज्ञानिक रूप विनम्र भएको व्यक्ति नै सबैभन्दा बढी घमण्डी हुन सक्छ। त्यसै अनुसार, यहाँ हामीले कुरा गर्दै गरेको घमण्ड मनोवैज्ञानिक होइन, तर सात्विक हो।

*“कयिनले आफ्ना भाइ हाबिललाई भने, ‘आऊ, हामी बाहिर खेतमा जाऔं।’ अनि जब तिनीहरू खेतमा थिए तब कयिनले आफ्ना भाइ हाबिलमाथि आक्रमण गरेर तिनलाई मारे।” (उत्पत्ति ४:८)*

*“किनभने जसरी एउटा पटुका मानिसको कम्मरमा कसिएको हुन्छ, त्यसरी नै मैले इस्राएलका सबै घराना र यहूदाका सबै घर नालाई मेरो ख्याति र प्रशंसा सम्मानको निम्ति मेरा प्रजा होऊन् भनेर मैले बाँधे। तर तिनीहरूले मेरा कुरामा ध्यान दिएका छैनन्,’ परमप्रभु भन्नुहुन्छ।” (यर्मिया १३:११)*

*परमप्रभु यसो भन्नुहुन्छः “श्रापित होस् त्यो मानिस, जसले मानिसमाथि भरोसा राख्तछ, र शारीरिक शक्तिमाथि भर पर्दछ, जसको हृदय परमप्रभुदेखि तर्किगएको छ। त्यो उजाड़-भूमिको पोथ्रोझैं हुनेछ। उन्नति आउँदा त्यसले देख्नेछैन। त्यो मरुभूमिका सुक्खा ठाउँहरूमा बस्नेछ, अर्थात् नूनको जमिन जहाँ कोही पनि बस्दैन। तर त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा भरोसा राख्तछ, जसको आशा परमप्रभु हुनुहुन्छ। त्यो पानीको किनारमा रोपेको रूखजस्तो हुनेछ, जसले आफ्ना जराहरू खोलाका किनारसम्म फिँजाएको हुन्छ। गर्मी हुँदा त्यो डराउँदैन, त्यसका पातहरू सधैं हरियै हुन्छन्। खड़ेरीको समयमा त्यसलाई केही चिन्ता हुँदैन, र त्यसले फल फलाउन कहिल्यै चुक्दैन।” (यर्मिया १७:५-८)*

पाप भनेको परमेश्वरबाट तर्केर जानु हो। सन्त गस्टाइन भन्छन्, “सबै पापको सुरुआत घमण्डबाट (superbia) भयो। र मानिस परमेश्वरबाट तर्केर गएपछि घमण्डको सुरुआत भयो।” हाम्रो अस्तित्वको आधार परमेश्वर हुनुभएको हुँदा, उहाँबाट तर्केर जानु, सात्विक रूपमा कुरा गर्नुपर्दा, हाम्रो अस्तित्वलाई गुमाउनु हो।

*"हे अविश्वासी मानिस हो, फर्क, तिमीहरूको विश्वासघातबाट म तिमीहरूलाई निको पार्नेछु। हवस्, हामी तपाइँकहाँ फर्केर आउनेछौं, किनकि तपाइँ परमप्रभु हाम्रा परमेश्वर हुनुहुन्छ।" (यर्मिया ३:२२)*

*"परमप्रभु घोषणा गर्नुहुन्छ, 'अहिले पनि तिमीहरू आफ्ना सम्पूर्ण हृदयले, उपवास बसेर, रुँदै र शोक गर्दै मतिर फर्क।'" (योएल २:१२)*

*"यसैकारण तैंले मानिसहरूलाई भन्: सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, 'मतिर फर्केर आओ,' सर्वशक्तिमान परमप्रभु घोषणा गर्नुहुन्छ, 'अनि म तिमीहरूतिर फर्कनेछु,' सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।" (जकरिया १:३)*

*"तिनीहरू काठलाई भन्छन्, 'तिमी मेरा पिता हौ,' र ढुङ्गालाई, 'तिमीले मलाई जन्म दिएकी हौ'। तिनीहरूले आफ्ना पीठ मतिर फर्काएका छन्, तर मुख होइन। तापनि दु:खका दिनमा तिनीहरू भन्छन्, 'आएर हामीलाई बचाउनुहोस्।'" (यर्मिया २:२७)*

त्यसैले, पाप भनेको मै हुँ भन्ने दाबी हो जुनले परमेश्वरलाई इन्कार गर्छ। अन्तिम र निर्णायक परमेश्वरलाई पन्छाएर आफैंलाई सो हुँ भनी घोषणा गर्नु पाप हो। लुथरले मानिसको समस्या "आफैंमा पूर्ण डुब्नु" (Incurvatus in se) हो भनेर भन्दछन्। यो हाम्रो निर्णय लिनसक्ने स्तरद्वारा परमेश्वरलाई अस्विकार गर्नु हो। त्यसैले, पापको सारतत्त्व भनेको मानिस आफ्नो मालिक आफैं हुन चाहनु हो। पावल टिलिक उनको किताब ख्रीष्टियन विचारको एक इतिहासमा धार्मिक पाप र नैतिक पाप बीच भिन्नता छुट्याउँदै यसो भन्छन्, "कसैले पनि पाप बहुवाची छन् भनेर भन्न सक्दैन। यदि कसैले भन्छ भने पापको अवधारणालाई केवल एक नैतिकतामा सीमित बनाउँछ।"

*"म आफैले भनें, 'कति खुशीसित आफ्ना छोराहरूजस्तै तिमीहरूसँग व्यवहार गर्नेथिएँ र एउटा सुन्दर देश, जातिहरूमा सबैभन्दा मनपर्दो पैतृक-सम्पत्ति तिमीहरूलाई दिनेथिएँ। अनि मैले विचार गरेको थिएँ, कि तिमीहरूले मलाई "पिता" भनी पुकार्नेछौ र मलाई पछ्याउनदेखि फर्केर जानेछैनौ।'" (यर्मिया ३:१९)*

त्यसकारण, मानव-महत्त्वमा केन्द्रित भई परमेश्वर-केन्द्रित हुनबाट पीठ फर्काएको कारण उसले आफ्नो अस्तित्व गुमाएको अवस्था नै पाप हो। पाप सात्विक छ जुन मानिसले परमेश्वर- जो उसको आधार हुनुहुन्छ, उहाँबाट आफ्नो पीठ फर्काएको अवस्था हो। यो पीठ फर्काउने काम केवल एकपटक मात्र हुने भएकोले, टिलिकले यसलाई "एकपटकको पीठ फर्काइ" भनी भन्छन्। धर्मको फ्रेन्च मनोवैज्ञानिक, पावल रिकोयर निश्चित भएर भन्छन्, "पाप मापदण्ड वा मूल्यमान्यतालाई उल्लङ्घन गर्नु होइन, तर व्यक्तिगत सम्बन्धलाई क्षति पुऱ्याउनु हो। साधारणतया पापको चिन्ह सम्बन्धको हानि मुख्य आधारको वा सात्विक आधारको हानि हुनु हो।" पावल टिलिकले पापको विशिष्टकरण गर्दै भन्छन् कि "पापको सुरुआत 'घमण्डबाट (hybris) भएता पनि, यसको नतिजा 'असीमित इच्छा' (concepiscentia) भयो।

> *"तैँले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। म बादलको टुप्पोभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु। तर तँ चिहानसम्म, खाड़लको तल्लो गहिराइसम्मै होच्याइस्।" (यशैया १४:१३-१५)*

> *"किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ।" (उत्पत्ति ३:५)*

> *"तब तिमीहरूले भने, 'लौ, हामी आफ्नो निम्ति एउटा सहर र स्वर्गैसम्म पुग्ने एउटा धरहरा बनाऔं, अनि आफ्नो नाउँ राखौं र हामी पृथ्वीभरि जताततै नछरिऔं।'" (उत्पत्ति ११:४)*

> *"यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक। किनभने मलाई दिइएको अनुग्रहद्वारा तिमीहरूमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढ़ी नसम्झोस्, तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नामबमोजिम सन्तुलित*